# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

## सानोठिमी, भक्तपुर

## नियमित/आंशिक/छात्रवृत्ति परीक्षा २०८२

**कार्यक्रम: इन्जिनियरिङ्ग सबै** **पूर्णाङ्क: ८०**

**वर्ष/खण्ड: प्रथम वर्ष प्रथम खण्ड (२०२१, २०२२)** **उत्तीर्णाङ्क: ३२**

**विषय: एप्लाइड नेपाली** **समय: ३ घण्टा**

---

परीक्षार्थीहरूले उत्तर दिँदा घोकेको, कण्ठ गरेको र पाठ्यपुस्तकबाट हुबहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नो शैली र ढङ्गमा आफ्नो कुरा अभिव्यक्त गरी सृजनात्मक उत्तर दिने गर्नुपर्दछ र अङ्क दिँदा यस्ता उत्तरहरूलाई प्रोत्साहन दिइनेछ।

Anu Adhikari

तलका सबै प्रश्नहरूको उत्तर दिनुहोस्।

१. मौखिक र लिखित भाषिक भेदका भिन्नतालाई उदाहरणसहित स्पष्ट पार्नुहोस्। (४)

२. स्थान र प्रयत्नका आधारमा तलका वर्ण चिनाउनुहोस्: (२)

य, ख, ट, भ

अथवा

तलका शब्दहरूको अक्षर संरचना देखाई अक्षरसङ्ख्या समेत लेख्नुहोस्:

मनोवाद, नेपाल, नागरिकता, पुस्तक

३. वर्णविन्यास मिलाई पुनर्लेखन गर्नुहोस्: (४)

जीवन्को लामो अवधीमा मान्छेलाई बाच्नको लागी दुई कुरा आवसेक मानिन्छन् धन र विधा । यी मध्ये धनभन्दा विद्याले बाँच्ने मान्छेको जीवन बढि सफल हुन्छ ।

४. रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस्: (२)

हर्षनारायणले पनि सबैको सल्लाहअनुसार पुतलीसँग बिवाह गरे तर दाइजो भने केही ल्याएनन् । सबैले भने 'यस्तो पो हुनपर्छ त बिहे' ।

५. लिङ्ग, वचन र आदरको आधारमा नामको रुपायन गर्नुहोस्। (४)

६. वाक्य संश्लेषण गर्नुहोस्: (४)

तराईमा प्रशस्त मात्रामा अन्नबाली उब्जन्छ। तराईको माटो ज्यादै उर्वर छ। तराईमा सिँचाइको उचित व्यवस्था छ। तराई नेपालको अन्नभण्डार हो।

७. तलका अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस्: (४)

मेरो बहिनी कक्षा एघारमा पढ्छ। ऊ कक्षामा सधैं प्रथम हुन्छ। भाइ भने खेलमा मात्र रुचि राख्छे। उनीहरू दुवै अत्यन्त मिल्छ।

८. तलका गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्: (८)

काठमाडौँ उपत्यकाको वातावरणीय अवनतिमा पानीको अपर्याप्तता एक कारक तत्त्व बनेको छ। सुख्खायाममा पानीको आपूर्ति सङ्कटापन्न हुँदै गएको छ। वातावरणीय स्वच्छताका लागि पानीको उपयोग हुन सक्ने अवस्था छैन। हरित क्षेत्र छोड्नु नपर्ने अवस्था र सार्वजनिक क्षेत्रहरू धमाधम निजी सम्पत्तिमा परिणत भई ती ठाउँहरूमा बहुतले घरहरू खडा हुनुले उपत्यकाको वातावरणीय स्थिति चिन्तनीय भएको छ। यस्तै नेपालको विभिन्न वन्यवनस्पति तथा जीवहरूको जीवन अहिले खतरामा छ। दुर्लभ वनस्पति तथा जीवजन्तुहरूको अवैध व्यापार रोकिन सकेको छैन। व्यवस्थापनको शैलीमा मौलिक परिवर्तन नल्याई र विद्यमान कानुनहरूको दृढतापूर्वक कार्यान्वयन नगरी यस्तो स्थितिमा सुधार आउन सक्दैन। यस कमजोरीको निराकरण बाह्यक्षेत्रको सहयोगबाट हुन सक्दैन। हाम्रो कार्यशैली र बानीव्यहोरामा सुधार ल्याउन हाम्रै सशक्त सक्रियताको खाँचो पर्दछ।

प्रश्नहरू:

क. काठमाडौँ उपत्यकामा वातावरणीय अवनतिको एक कारण लेख्नुहोस्। (१)

ख. उपत्यकाको वातावरणीय अवस्था किन चिन्तनयोग्य छ? (१)

ग. के के कुराको अवैध व्यापार बढेको छ? (१)

घ. माथिको अनुच्छेदका लागि उपर्युक्त शीर्षक दिनुहोस्। (१)

ङ. तलका शब्दहरूको अर्थ लेख्नुहोस्: (२)

अ. अवनति | आ. बहुतले | इ. दुर्लभ | ई. निराकरण

च. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्: (२)

अ. सङ्कटापन्न | आ. व्यवस्थापन

९. प्रश्न नं. ८ मा दिइएको अनुच्छेदबाट चार वटा बुँदा टिपुनुहोस्। (४)

१०. 'विनाशकारी भूकम्प आएमा के गर्ने?' भन्ने विषयमा दुई साथीबीचको रोचक संवाद तयार पार्नुहोस्। (४)

अथवा

'वातावरण प्रदूषण' शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस्।

११. नेपाली नागरिकताको प्रमाणपत्र बनाउनका लागि सिफारिस गरिदिन अनुरोध गर्दै आफू बसोबास गरेको वडाध्यक्षलाई लेख्ने निवेदनको नमुना तयार पार्नुहोस्। (४)

Anu Adhikari

१२. तलको कुनै एक शीर्षकमा २५० शब्दसम्मको एउटा निबन्ध लेख्नुहोस्: (८)

क. देश विकासमा युवाको भूमिका

ख. नागरिक कर्तव्य

ग. नेपालको आर्थिक विकासमा जल सम्पदाको स्थान

१३. आफू अध्ययनरत शिक्षालयमा आयोजित रक्तदान कार्यक्रमलाई समेट्दै एक प्रतिवेदन लेख्नुहोस्। (४)

१४. कृति परिचयका सम्पूर्ण प्रक्रिया पूरा गरी 'माइतघर' उपन्यासको कृति परिचय लेख्नुहोस्। (८)

१५. तलका प्रश्नहरूको उत्तर दिनुहोस्: (१६)

क. 'तिमी त नचिनिने भएछौ' कविताको सन्देश के हो?

ख. 'हरिदत्त' कथामा के कस्तो मनोविज्ञानको चर्चा गरिएको छ? लेख्नुहोस्।

ग. 'पहाडी जीवन' निबन्धले के कस्तो परिवेशको चित्रण गरेको छ?

घ. 'भावना' एकाङ्कीका पात्र बुढा र पहिलो युवकको चरित्रचित्रण गर्नुहोस्।

Anu Adhikari

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

## सानोठिमी, भक्तपुर

## नियमित/आंशिक/छात्रवृत्ति परीक्षा २०८१/२०८२ चैत्र/वैशाख

**कार्यक्रम: इन्जिनियरिङ्ग सबै** **पूर्णाङ्क: ८०**

**वर्ष/खण्ड: प्रथम वर्ष प्रथम खण्ड (२०२१)** **उत्तीर्णाङ्क: ३२**

**विषय: एप्लाइड नेपाली** **समय: ३ घण्टा**

---

परीक्षार्थीहरूले उत्तर दिँदा घोकेको, कण्ठ गरेको र पाठ्यपुस्तकबाट हुबहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नो शैली र ढङ्गमा आफ्नो कुरा अभिव्यक्त गरी सृजनात्मक उत्तर दिने गर्नुपर्दछ र अङ्क दिँदा यस्ता उत्तरहरूलाई प्रोत्साहन दिइनेछ।

तलका सबै प्रश्नहरूको उत्तर दिनुहोस्।

१. भाषिक भेद भन्नाले के बुझ्नुहुन्छ ? लिखित र मौखिक भेदबीच हुने भिन्नता पनि लेख्नुहोस् । (४)

२. उच्चारण स्थानका आधारमा तलका वर्णहरूलाई चिनाउनुहोस् : (२)

घ, ठ, म, य

३. दिएका वाक्यलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् । (४)

यि शबै कुरा सुन पछि आधुनीक महापुरुषको संगत पनि ज्ञानगुनकै भन्ने ठानी अफ्नो कुरा नखोलीकनै म फर्के

४. तलका रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस् । (२)

हामी आफ्नो भाग्यको निर्माता आफैं नै हो तर यसका लागि कडा परिश्रम र बलियो इच्छाशक्ति चाहिन्छ ।

५. लिङ्ग, वचन, आदर र कारकका आधारमा 'केटो' र 'भान्जो' शब्दको रूप चलाउनुहोस् । (४)

६. तलको वाक्य विश्लेषण गर्नुहोस् : (४)

परीक्षा हलमा १५ मिनेट अगाडि पुगेको मैले प्रश्नपत्र पाएपछि राम्ररी पढेर सबै प्रश्नको उत्तर लेखें

७. तलका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् । (४)

मेरा बुबा नियमित रूपमा खेतको काम गर्नुहुन्छ । उनले यसरी काम गरेको धेरै वर्ष बितिसक्यो । बुबाको कमाइबाट हाम्रो पढाइ खर्च चलेको छन् । मेरा आमा पनि खेतकै काममा जानुहुन्छिन् ।

८. तलको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । (८)

Anu Adhikari

भाषा यादृच्छिक वाक्प्रतीकहरूको त्यस्तो व्यवस्था हो, जसका सहायताले समाजका व्यक्ति आफ्ना विचार विनिमय गर्छन् । भाषालाई स्पष्ट रूपमा चिन्न यसका प्रकृति र विशेषताको उल्लेख गर्नु अझ सान्दर्भिक ठहरिन्छ । भाषा पूर्णतः पैतृक सम्पत्ति नभई मानिसको आर्जित सम्पत्ति हो । भाषा सामाजिक वस्तु हो र यो एक प्रकारको परम्परा पनि हो ।

कुनै पनि व्यक्ति भाषाको आर्जन गर्न सक्दछ तर पूर्ण रूपले उत्पादन गर्न सक्दैन । वास्तवमा भाषा अनुकरणद्वारा आर्जन गर्ने गरिन्छ । भाषा परिवर्तनशील हुने भएकाले यसको कुनै अन्तिम स्वरूप हुँदैन । भाषाको भौगोलिक र ऐतिहासिक सीमा हुन्छ । प्रत्येक भाषाको आफ्नै प्रकारको संरचना हुन्छ । स्वाभाविक रूपमा हरेक भाषा जटिलताबाट सरलतातर्फ यात्राशील रहन्छ । त्यस्तै हरेक भाषा आफ्नो विकासको क्रममा स्थूलबाट सूक्ष्मतिर र अपरिपक्कको स्थितिबाट परिपक्कको स्थितितिर यात्रारत रहन्छ । सबै भाषाको आफ्नो मानकरूप हुन्छ । यादृच्छिक, सिर्जनात्मकता, द्वैधता, सान्दर्भिकता, मौखिकता, श्रावणिकता भाषाका विशेषता हुन् ।

प्रश्नहरू:

क. भाषा भनेको के हो ? (१)

ख. भाषाका विशेषताहरू लेख्नुहोस् । (१)

ग. भाषा किन परिवर्तनशील छ ? (१)

घ. यस अनुच्छेदको पहिलो वाक्यलाई संयुक्त वाक्यमा बदल्नुहोस् । (१)

ङ. यस अनुच्छेदको लागि उपयुक्त शीर्षक के हुन सक्छ ? (१)

च. तलका शब्दको अर्थ लेख्नुहोस् : (१.५)

अ. आर्जित | आ. सूक्ष्म | इ. विनिमय

छ. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : (१)

अ. सिर्जनात्मक | आ. यादृच्छिक

ज. माथिको अनुच्छेदबाट दुईवटा उपसर्ग र दुईवटा प्रत्यय लागेका शब्दहरू लेख्नुहोस् । (०.५)

९. तलको अनुच्छेदबाट... चारवटा बुँदाटिपोट गरी सङ्क्षेपीकरण गर्नुहोस् । (४)

वास्तवमा नेपाल र नेपाली हरेक दृष्टिले पूरक हुन् । ढुङ्गा र माटो नेपाल होइन त्यो त नेपालको साधन मात्र हो । वास्तविक नेपाल हो यहाँको जाति । यस जातिको सुरक्षा हुनु नेपालको सुरक्षा हुनु हो र यसको अहित हुनु नेपालको अहित हुनु हो । हामी विभिन्न विचार र दर्शनका अनुयायी बनौं र थरीथरीका मतमतान्तरहरूको पछि लागौ, यसमा केही आपत्ति छैन तर एउटा कुरालाई लिएर हामीले राय बाझेको छनक मात्र दियौं भने पनि हाम्रो भविष्य अन्धकारमा डुब्ने छ । त्यो कुरा हो नेपाल नै नेपाली हो अनि नेपाली नै नेपाल हो । यो हाम्रो मूल मन्त्र हुनुपर्छ ।

१०. 'विद्यार्थी जीवन भविष्यको आधार' शीर्षकमा एउटा संवाद लेख्नुहोस् । (४)

अथवा

Anu Adhikari

'वाтaवरण प्रदूषण' शीर्षकमा १०० शब्द नघटाई एउटा गहकिलो अनुच्छेद लेख्नुहोस् ।

११. मर्मतको कामले गर्दा एक दिन विद्युत् आपूर्ति बन्द हुने कुरा जानकारी गराउँदै नेपाल विद्युत् प्राधिकरणले जारी गर्ने सूचना तयार गर्नुहोस् । (४)

१२. तलको... कुनै एक शीर्षकमा २५० शब्दसम्मको एउटा निबन्ध लेख्नुहोस् : (८)

क. मेरो राष्ट्र : मेरो गौरव

ख. ज्येष्ठ नागरिकप्रति मेरो जिम्मेदारी

ग. प्राविधिक शिक्षा : आजको आवश्यकता

१३. तपाईं संलग्न हुनुभएको शैक्षिक भ्रमणका बारेमा १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् । (४)

१४. कृति परिचयका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी 'माइतघर' उपन्यासको कृति समीक्षा लेख्नुहोस् । (८)

१५. तलका प्रश्नहरूको उत्तर दिनुहोस् : (१६)

क. 'साहित्यसुधा' कविताको शीर्षक सार्थकता देखाउनुहोस् ।

ख. 'पहाडी जीवन' निबन्धले दिन खोजेको सन्देश के हो ?

ग. 'भावना' एकाङ्कीका पात्र 'बुढा' को चरित्र चित्रण गर्नुहोस् ।

घ. 'बितेका कुरा' कथाको मूलभाव उल्लेख गर्नुहोस् ।

Anu Adhikari

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

## सानोठिमी, भक्तपुर

## नियमित/आंशिक/विशेष छात्रवृत्ति परीक्षा, २०८०/२०८१ चैत्र/बैशाख

**कार्यक्रम: डिप्लोमा इन इन्जिनियरिङ्ग** **पूर्णाङ्क: ८०**

**वर्ष/खण्ड: प्रथम वर्ष प्रथम खण्ड (२०२१)** **उत्तीर्णाङ्क: ३२**

**विषय: व्यवहारिक नेपाली** **समय: ३ घण्टा**

परीक्षार्थीहरूले उत्तर दिँदा घोकेको, कण्ठ गरेको र पाठ्यपुस्तकबाट हुबहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नो शैली र ढङ्गमा आफ्नो कुरा अभिव्यक्त गरी सृजनात्मक उत्तर दिने गर्नुपर्दछ र अङ्क दिँदा यस्ता उत्तरहरूलाई प्रोत्साहन दिइनेछ।

**सबै प्रश्नहरू अनिवार्य छन् ।**

१. औपचारिक र अनौपचारिक भाषाको बीचमा देखिने भिन्नता प्रकाश पार्नुहोस् । (४)

२. उच्चारण स्थानका आधारमा तलका वर्णहरूलाई चिनाउनुहोस् : (२)

ख, ढ, व, ह

३. दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् । (४)

मैले अत्यन्त कातर सोरमा भने, हो मैले बिराएँ तर तिम्रो बितेको कुरा सुन्न पायर मेरो श्रद्धा तिमी माथी झन् बढ्न गयो मेरा माया झन् गहिरीयो म तिमी जे भन्छ्यौ उही गर्न राजी छु ।

४. तलका रेखाङ्कित शब्दहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् । (२)

उनी डाँडाभरि फुलेका फूलहरू हेर्दै सधैं मक्ख पर्दछन् । यो फूल वसन्तको उपहार हो ।

५. आदर र भावका आधारमा 'नाच्छ' क्रियाको रुपायन गर्नुहोस् । (४)

६. वाक्य संश्लेषण गर्नुहोस् । (४)

म बिहान सबेरै उठ्छु । म हातमुख धुन्छु । म चिया पिउँछु । म क्याम्पस जान्छु ।

७. पदसङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् । (४)

गौरी साह्रै फुर्तिलो छे। शङ्कर गरिब केटो हुन् । गौरी र शङ्कर साथी हो उनीहरू सँगै खेल्छ ।

८. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । (८)

नेपालमा जलस्रोतको अत्यधिक उपयोग जलविद्युतीकरणबाट गर्न सकिने कुरा विभिन्न सर्वेक्षणहरूले देखाएको छ । बाह्रै महिना परिरहने हिउँ, नित्यनिरन्तर बगिरहने अथाह

Anu Adhikari

जलराशि र भिरालो भौगोलिक बनोटको सहमिलनबाट ८३ हजार मेगावाट भन्दा बढी ऊर्जा उत्पादन गर्ने सामर्थ्य नेपाली जलस्रोतमा सुरक्षित छ । वि.सं. १९६८ मा फर्पिङमा चन्द्रज्योति नामक ५०० किलोवाटको जलविद्युत् आयोजनाबाट सुरु भएको विद्युतीकरणको अभियान हाल करिब १५०० मेगावाट उत्पादन हुने क्रममा छ । कालीगण्डकी ए जलविद्युत आयोजना जस्तो १४४ मेगावाट क्षमताको विशाल आयोजना सञ्चालनमा छ । यस्ता आयोजनाहरू मार्फत हाम्रो जलस्रोतको सम्पूर्ण क्षमताको ५० प्रतिशत मात्रै विद्युत उत्पादन गर्न सक्ने हो भने देशको आर्थिक उन्नति हुन बेर लाग्दैन । भर्खरैसम्म लोडसेडिङ र विभिन्न किसिमका ऊर्जा सङ्कट बेहोरिरहेको हाम्रो देशको उज्यालो भविष्य देख्न चाहने जुनसुकै निकायले जलविद्युत आयोजनाको निर्माण, सञ्चालन र विस्तारमा ध्यान दिनु जरुरी छ । जलविद्युतमा लगानी गर्ने वातावरण बनाउनुपर्छ । जलविद्युतसँग सम्बद्ध उद्योग कलकारखानाहरू खोल्ने वातावरण बनाउन जरुरी छ । घरायसी रूपमै पनि जलविद्युतको खपत बढाउन हौस्याउने नीति तय गर्नुपर्छ । अरू बढी हाम्रो देशमा उत्पादित जलविद्युत विदेशसम्म पुऱ्याएर बेच्ने वातावरण तयार गर्नुपर्छ ।

**बोध प्रश्नहरू:**

क. जलविद्युतीकरणका लागि नेपालको भूगोल किन उपयुक्त मानिएको छ ? (१)

ख. नेपालको जलराशिमा कति मेगावाट बिजुली उत्पादन गर्ने क्षमता छ ? (१)

ग. देशको आर्थिक समृद्धि कसरी बढाउन सकिएला ? (१)

घ. तलका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : (२)

सर्वेक्षण, आयोजना

ङ. दिइएका शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् । (१)

प्रतिशत, उत्पादित

च. माथिको अनुच्छेदबाट दुई-दुई ओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् । (२)

९. तलको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सङ्क्षेपीकरण गर्नुहोस् । (४)

शिक्षा नै विकासको मूल आधार हो । शिक्षाले मानिसलाई बाँच्ने कला सिकाउँछ । त्यस्तो कला प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । यस्तो शिक्षा ग्रहण गरेको मानिसले रोजगारीका लागि कसैको मुख ताकिरहनु पर्दैन । बाँच्नका लागि व्यक्ति रोजगारीको भिक्षा माग्नुपर्ने बाध्यता हटेर जान्छ । अतः आत्मिक निर्भरता र रोजगारमूलक प्राविधिक शिक्षा हाम्रो देशको आवश्यकता बन्न गएको छ । मानव जातिको सुन्दरतम् आभूषण मानिएको शिक्षा व्यावसायिक, रोजगारमूलक र प्राविधिक भएको खण्डमा मात्र व्यक्तिको भलाइ हुन्छ । व्यक्तिले सिप र दक्षता हासिल गरेका खण्डमा समाज, राष्ट्र र विश्वलाई नै फाइदा हुन जान्छ । अतः प्राविधिक शिक्षा देशको माग हो, युगको आवश्यकता हो ।

१०. 'विद्यार्थी जीवन भविष्यको आधार' शीर्षकमा दुई जना साथीका बीचमा भएको संवाद लेख्नुहोस् । (४)

Anu Adhikari

**अथवा**

'प्राविधिक शिक्षा' शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् ।

११. भर्खरै बजारमा आएको 'एप्लाइड नेपाली' पुस्तकको विशेषता उल्लेख गर्दै विज्ञापनको नमुना लेख्नुहोस् । (४)

१२. तलका मध्ये कुनै एक शीर्षकमा २५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् । (८)

क. अनुशासनको महत्त्व

ख. मेरो देश : मेरो गौरव

ग. बढ्दो सहरी प्रदूषण

१३. आफूले अवलोकन गरेको कुनै ऐतिहासिक स्थलबारे १५० शब्द नघटाई एक प्रतिवेदन लेख्नुहोस् । (४)

१४. कृति परिचयका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी 'म कसरी हार्छु ?' एकाङ्कीको कृति परिचय लेख्नुहोस् । (८)

१५. तलका प्रश्नहरूको उत्तर दिनुहोस् । (१६)

क. 'पहाडी जीवन' निबन्धले के-कस्तो परिवेशको चित्रण गरेको छ ?

ख. 'तिमी त नचिनिने भएछौ' कविताको सन्देश लेख्नुहोस् ।

ग. 'हरिदत्त' कथामा कस्तो मनोविज्ञान प्रस्तुत गरिएको छ ?

घ. 'भावना' एकाङ्कीले कस्तो सन्देश दिएको छ ?

Anu Adhikari

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

## सानोठिमी, भक्तपुर

## नियमित/आंशिक/छात्रवृत्ति परीक्षा, २०८० वैशाख/जेष्ठ

**कार्यक्रम: इन्जिनियरिङ्ग सबै** **पूर्णाङ्क: ८०**

**वर्ष/खण्ड: प्रथम वर्ष प्रथम खण्ड (२०२१)** **उत्तीर्णाङ्क: ३२**

**विषय: व्यावहारिक नेपाली** **समय: ३ घण्टा**

परीक्षार्थीहरूले उत्तर दिँदा घोकेको, कण्ठ गरेको र पाठ्यपुस्तकबाट हुबहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नो शैली र ढङ्गमा आफ्नो कुरा अभिव्यक्त गरी सृजनात्मक उत्तर दिने गर्नुपर्दछ र अङ्क दिँदा यस्ता उत्तरहरूलाई प्रोत्साहन दिइनेछ।

**सबै प्रश्नहरूको उत्तर दिनुहोस् ।**

१. मौखिक र लिखित भाषिक भेदको भिन्नतालाई उदाहरणसहित स्पष्ट पार्नुहोस् । (४)

२. स्थान र प्रयत्नका आधारमा तलका वर्णहरूलाई चिनाउनुहोस् । (२)
   क, ल, झ, स

३. शुद्ध गरी उत्तरपुस्तिकामा सार्नुहोस् । (४)
   मानीस, वस्तु, पूँजी, विचार, प्रर्विधि, संस्कृति, कुनै निश्चित ठाउ र देसको निश्चित सिमा नाघेर विस्वभर फैलने अवस्था नै विश्वव्यापीकरण हो ।

४. तलका रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस् । (२)
   शिक्षा नै नारीको सर्वश्रेष्ठ गुण हो ।

५. स्रोतका आधारमा शब्द कति प्रकारका छन् ? सोदाहरण लेख्नुहोस् । (४)

६. वाक्य संश्लेषण गर्नुहोस् । (४)
   क. पृथ्वीनारायण शाह पहिले गोरखाका राजा थिए ।
   ख. उनी नरभूपाल शाहका जेठा छोरा थिए ।
   ग. पृथ्वीनारायण शाहको ठूलो महत्त्वाकाङ्क्षा थियो ।
   घ. गोरखा चाहिँ सानो राज्य थियो ।

७. तलका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् । (४)

Anu Adhikari

तपाईँ गाउँबाट कहिले आउँछ ? आउँदा मलाई गाउँका ताजा तरकारी ल्याइदिएस्। तँ र म सँगै बसुँला। मेरो भाउजू आउनु होली।

८. निम्नलिखित गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्। (८)

नेपालको तराई क्षेत्र कृषिका लागि मात्र उन्नत र उर्वर भूमि नभएर सिँचाइको दृष्टिकोणले पनि उत्तिकै उपयुक्त रहेको छ। नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएर रहेको तराईको फाँटभित्र करिब पाँच अरब घनमिटर भन्दा बढी पानी भूमिगत जलभण्डारको रूपमा रहेको छ। तर पनि तराईका कृषकहरू यसरी आफूले टेकिरहेको धर्तीमुनिको यत्रो अपार जलभण्डारको महत्त्वलाई नबुझी वर्षेनी सुख्खाले गर्दा अनिकाल लाग्यो भन्दै हिँड्छन्।

तराईमा उपलब्ध भूमिगत जलस्रोतलाई कृषकहरूले कम गहिरो ट्युबवेल तथा गहिरो ट्युबवेल निर्माणका संरचनाहरू, ठूलो नहरको संरचनाको तुलनामा अति सरल मात्र नभई अति कम लागतमा निर्माण हुने भएकोले ट्युबवेल सिँचाइ योजनाको सञ्चालन तथा नियन्त्रण पनि कृषकहरू स्वयं गर्न सक्षम देखिन्छन्। तराईका लागि सिँचाइको दिगो विकासको क्षेत्रमा भूमिगत जलस्रोतको उपयोग एक मात्र विश्वसनीय उपाय हो भन्न सकिन्छ। ट्युबवेलहरू निर्माण गरी तराईको ६ लाख १२ हजार हेक्टर जमिनलाई सिँचाइयुक्त बनाउने लक्ष्य राखी भूमिगत जल सिँचाइको विकासलाई प्राथमिकता दिएको पाइन्छ।

**बोध प्रश्नहरू:**

क. भूमिगत जलभण्डार भनेको के हो ?

ख. भूमिगत जलस्रोतलाई कसरी उपयोग गर्न सकिन्छ ?

ग. ट्युबवेल सञ्चालन र नियन्त्रण गर्न कृषकहरू किन सक्षम देखिन्छन् ?

घ. माथिको गद्यांशको उपयुक्त शीर्षक के हुन सक्छ ?

ङ. माथिको गद्यांशको अन्तिम वाक्य सरल, मिश्र र संयुक्त कुन हो ?

च. तलका शब्दहरूको अर्थ लेख्नुहोस् :

विश्वसनीय, सुख्खा, उर्वर, सक्षम

छ. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

भूमिगत जलस्रोत, दिगो विकास

ज. माथिको गद्यांशबाट 'उप' र 'सम्' उपसर्ग लागेका दुई दुईवटा शब्दहरू टिप्नुहोस्।

९. प्रश्न नं. ८ को अनुच्छेदबाट मुख्य मुख्य चार बुँदाहरू लेख्नुहोस्। (४)

१०. आफ्नो क्याम्पसले उपलब्ध गराउने जेहेन्दार छात्रवृत्ति आफूले पाऊँ भनी प्राचार्यलाई निवेदन लेख्नुहोस्। (४)

११. 'परीक्षाको तयारी' शीर्षकमा दुई जना साथीहरूका बीचमा भएको संवाद प्रस्तुत गर्नुहोस्। (४)

Anu Adhikari

**अथवा**

'मेरो देश' शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् ।

१२. कुनै एक शीर्षकमा २०० शब्द नघटाई एउटा निबन्ध लेख्नुहोस् । (८)

क. प्राविधिक शिक्षा : आजको आवश्यकता

ख. मेरो जीवनको लक्ष्य

ग. विद्यार्थी जीवनमा अनुशासनको महत्त्व

१३. आफ्नो शिक्षालयको वार्षिकोत्सवका सन्दर्भमा आयोजित कार्यक्रमहरूका बारेमा एउटा प्रतिवेदन तयार गर्नुहोस् । (४)

१४. कृति परिचयको नियम र प्रक्रिया पुऱ्याई 'म कसरी हार्छु ?' नाटकको कृति परिचय लेख्नुहोस् । (८)

१५. कुनै चार प्रश्नको उत्तर दिनुहोस् । (१६)

क. 'भावना' एकाङ्कीले कस्तो सन्देश दिएको छ ?

ख. 'साहित्यसुधा' कविताको मूलभाव वा विचारमाथि प्रकाश पार्नुहोस् ।

ग. 'हरिदत्त' कथाले व्यक्तिगत महत्त्वाकाङ्क्षालाई कसरी पुष्टि गरेको छ ?

घ. 'पहाडी जीवन' निबन्धको मूल सन्देश के हो ?

ङ. 'बितेका कुरा' कथाले पारिवारिक द्वन्द्वलाई कसरी प्रस्तुत गरेको छ ?

च. 'नचिनिने भएछौ' कविताले कस्तो सन्देश दिएको छ ?

Anu Adhikari

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय

## सानोठिमी, भक्तपुर

## नियमित परीक्षा, २०७९ आषाढ

**कार्यक्रम: इन्जिनियरिङ्ग सबै** | **पूर्णाङ्क: ८०**

**वर्ष/खण्ड: प्रथम वर्ष प्रथम खण्ड (२०२१)** | **उत्तीर्णाङ्क: ३२**

**विषय: व्यवहारिक नेपाली** | **समय: ३ घण्टा**

परीक्षार्थीहरूले उत्तर दिँदा घोकेको, कण्ठ गरेको र पाठ्यपुस्तकबाट हुबहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नो शैली र ढङ्गमा आफ्नो कुरा अभिव्यक्त गरी सृजनात्मक उत्तर दिने गर्नुपर्दछ र अङ्क दिँदा यस्ता उत्तरहरूलाई प्रोत्साहन दिइनेछ।

**सबै प्रश्नहरूको उत्तर दिनुहोस् ।**

१. भाषिक भेद भन्नाले के बुझिन्छ ? सामान्य र प्रयोजनपरक भेदको भिन्नतालाई प्रष्ट पार्नुहोस् । (४)

२. तलका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस् : (२)

ग, च, ट, स

३. शुद्ध पारी आफ्नो उत्तरपुस्तिकामा सार्नुहोस् । (४)

एति धेरै पढेर पनी तिमिहरूले साथीहरू सीत कशरी वेबहार गर्नुपर्छ भन्ने कुरा जानेकी रहिन्छयौ

४. तल रेखाङ्कित गरिएका शब्दहरूको पदवर्ग छुट्याउनुहोस् । (२)

ओहो ! बाटोमा ठूलो पानी पर्यो अनि जताततै हिलो भयो । उनीहरू कसरी गन्तव्यमा पुग्लान् र ?

५. लिङ्ग, वचन र पुरुषका आधारमा 'लेख' धातुको रुपायन गर्नुहोस् । (४)

६. तलका वाक्यहरू मिलाई एकै वाक्यमा वाक्य संश्लेषण गर्नुहोस् । (४)

आज म सबेरै उठें। मैले हातमुख धोएँ । एकछिन यताउति हिँडडुल गरें । आमाले खबर गर्नुभए पछि खाना खान गएँ। केही समयपछि पुस्तक किन्न बजार गएँ ।

७. तलका वाक्यहरूलाई उचित सङ्गति मिलाई लेख्नुहोस् । (४)

हामी घरमा खुब काम गर्छु । दिदी अफिसमा काम गर्छ । बा पैसा कमाउन विदेशतिर गयो । हामी पनि अनुशासित भएर पढ्ने गर्छु ।

८. उचित कारण खुलाई निर्धारित समयभित्र विद्यालयमा भर्ना आवेदन फर्म भर्न नपाएको व्यहोरा उल्लेख गर्दै भर्नाको अवसर पाऊँ भनी आफ्नो प्राचार्यलाई एउटा निवेदन लेख्नुहोस् । (४)

Anu Adhikari

९. निम्नलिखित गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् । (८)

परम्परागत कमी कमजोरीहरू हटाई भरपर्दो किसिमको दूरसञ्चारको साधन खोज्न मानिसले आफ्ना पाइला निरन्तर अगाडि बढाइरह्यो । कहिल्यै सन्तोष मानेर नबस्ने मानिसको स्वभावले नयाँ कुरा पत्ता लगाउन सफल भयो । फलस्वरुप उन्नाइसौं शताब्दीको अन्त्यतिर वैज्ञानिकहरू विद्युत् चुम्बकीय तरङ्गहरू एक ठाउँबाट अर्को ठाउँमा प्रसारित गर्न पनि सकिने निष्कर्षमा पुगे । विभिन्न सङ्केतहरूबाट वर्णमालाका विभिन्न अक्षर र अङ्कहरूलाई पहिचान गराउन सकिने भएपछि एक ठाउँबाट अर्को ठाउँमा चाहेको बेला आवश्यक सबै सूचनाहरू आदानप्रदान गर्न सकिने भयो । यी विद्युत् चुम्बकीय तरङ्गहरू तार वा बेतारबाट पठाउन सकिने भयो र धेरै टाढाटाढासम्म पनि सूचना आदानप्रदान सम्भव भयो ।

**प्रश्नहरू:**

क. दूरसञ्चार भनेको के हो ? यसले कसरी काम गर्छ ?

ख. चुम्बकीय तरङ्गले ध्वनिलाई कसरी समात्न सक्छ ?

ग. माथिको गद्यांशको उपयुक्त शीर्षक के हुन सक्छ ?

घ. माथिको गद्यांशबाट एउटा संयुक्त वाक्य छानेर लेख्नुहोस् ।

१०. प्रश्न नं. ९ को अनुच्छेदलाई एक तृतीयांश भागमा प्रस्तुत (सङ्क्षेपीकरण) गर्नुहोस् । (४)

११. सामाजिक सद्भाव कायम राखौँ भन्ने शीर्षकमा दुई पात्रबीचको आकर्षक संवाद (कुराकानी) प्रस्तुत गर्नुहोस् । (४)

१२. आफ्नो क्याम्पसले आयोजना गरेको शैक्षिक भ्रमणको सन्दर्भलाई लिएर १५० शब्दसम्मको प्रतिवेदन तयार गरी देखाउनुहोस् । (४)

१३. तलका कुनै एक शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् । (८)

क. प्राविधिक शिक्षा आजको आवश्यकता

ख. वातावरण प्रदूषण र रोकथाम

ग. मेरो जीवनको लक्ष्य

१४. कृति परिचयको नियम र प्रक्रिया पुऱ्याई 'म कसरी हार्छु ?' नाटकको कृति परिचय लेख्नुहोस् । (८)

१५. कुनै चार प्रश्नको उत्तर दिनुहोस् । (१६)

क. 'हरिदत्त' कथाका अनुसार हरिदत्तको चरित्र चित्रण गर्नुहोस् ।

ख. 'मृगतृष्णा' कथामा नारी संवेदना र नारी मानसिकताको चर्चा कुन रूपमा गरिएको छ ? प्रष्ट पार्नुहोस् ।

ग. 'भान्सा भो हजुर' निबन्धको मुख्य व्यङ्ग्य के हो ?

Anu Adhikari

घ. 'हामी' कविताको मूलभाव के हो ?

ङ. 'भावना' एकाङ्कीको मुख्य सन्देश के हो ?

Anu Adhikari